वर्ष : २१, अंक : ३०, काठमाडौं, २०८२ पुस ४ गते शुक्रबार, 19 December, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## संघीय गणतान्त्रिक गठबन्धनको ऐतिहासिक अभियान



काठमाडौं । संघीय गणतान्त्रिक गठबन्धनको ऐतिहासिक राजनीतिक अभियान अन्तर्गत लुम्बिनी प्रदेशको शंकरपुर पालीनन्दन गाउँपालिका वडा नम्बर १, शंकरपुर मा भव्य जनभेटघाट तथा चुनावी प्रचार-प्रसार कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमले उत्पीडित, बहिष्कृत र सीमान्तकृत समुदायको राजनीतिक सत्ता यात्रालाई नयाँ दिशा दिएको सहभागीहरूको निष्कर्ष रहेको छ ।

कार्यक्रममा पूर्वगृह राज्यमन्त्री, नेपाल संघीय समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष तथा संविधानसभा सदस्य मो.रिजवान अन्सारी प्रमुख अतिथिका रूपमा सहभागी थिए ।

त्यस्तै बहुजन एकता पार्टीका केन्द्रीय अध्यक्ष हरिनन्दन अम्बेडकर र नेपाल जनजागृति पार्टीका अध्यक्ष डाक्टर ध्रुवलाल निषाद विशिष्ट अतिथिका रूपमा उपस्थित थिए । कार्यक्रम नन्दलाल सहनीको अध्यक्षतामा सम्पन्न भएको हो ।

प्रमुख अतिथि मो. रिजवान अन्सारीले सम्बोधन गर्दै संघीय गणतान्त्रिक गठबन्धनको साझा चुनाव चिन्ह 'बस' लाई उत्पीडित समुदायको राजनीतिक मुक्तिको प्रतीकका रूपमा प्रस्तुत गरे । उनले दलित, मुस्लिम, निषाद, पिछडावर्ग, अति पिछडा तथा आर्थिक रूपमा वञ्चित समुदायहरूलाई एकजुट भई राज्यसत्तामा आफ्नै प्रतिनिधित्व स्थापित गर्न ऐतिहासिक अवसर आएको बताए ।

"आजसम्म राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक तथा सांस्कृतिक रूपमा दमन, शोषण र बहिष्करणमा परेका

बाँकी पृष्ठ ७ मा

## 'सुशिला सरकार स्वार्थ-समूहको चंगुलमा फसिसक्यो'

काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकार चुनाव नगराउने र स्वार्थ समूहको चंगुलमा फस्न थालेको आरोप लगाएका छन् ।

सरकार बनेको तीन महिना बितेपछि पनि मन्त्रिपरिषद् विस्तारको नाटकमञ्चन गरेर प्रधानमन्त्री सुशीला कार्कीले घोषित मितिमा निर्वाचन नगर्न प्रपञ्च रचेको साहको आरोप छ । वर्तमान सरकार जेन-जीहरुको भावनाविपरित चल्न थालेको र एकपछि अर्को गरेर गलत निर्णय लिन थालेको भन्दै साहले आलोचना गरेका हुन् ।



आइतबार काठमाडौंमा आजपाले 'संसद् पूनःस्थापनाको षड्यन्त्र रोक्न' भन्दै काठमाडौंको गैरीगाउँमा आयोजना गरेको काठमाडौं क्षेत्र नं. १ र २ को संयुक्त विशेष क्षेत्रीय भेलालाई सम्बोधन गर्दै पूर्वमन्त्री साहले सरकारलाई सच्चिएर आफू मूल म्याण्डेटतर्फ ध्यान दिन सुझाव दिए ।

उनले २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन गराउने मूल दायित्व नबिर्सिन प्रधानमन्त्री कार्कीको ध्यानाकार्षण गराए । उनले प्रतिनिधिसभा पूनःस्थापनाको लागि भइरहेको षड्यन्त्रको पर्दाफास गर्न र देशव्यापी रुपमा निर्वाचन तोकिएकै मितिमा सम्पन्न गराउन दबाब सिर्जना गरिनुपर्ने आवश्यकता औंल्याए ।

एमालेको केपी ओली समूह र कांग्रेसको शेरबहादुर देउवा समूहले प्रतिनिधिसभाको चुनाव नचाहेको र संसद् पूनःस्थापनको लागि षड्यन्त्रको तानाबाना बुनेको बेलामा प्रधानमन्त्री कार्कीपनि उनीहरुकै सहयोगीको भूमिकामा देखिन थालेको आभाष भएको साहको टिप्पणी छ ।

'जेनजी आन्दोलनमा दमन गरेका केपी ओलीहरुले संसद् पूनःस्थापनाको षड्यन्त्र गरिरहेका छन्, कांग्रेसमा देउवा ग्याङ् ओलीकै पुच्छर बनेर अदालत धाउन थालेको छ । अनि प्रधानमन्त्री पनि उनीहरुकै डिजाईनमा हिँड्न खोजेको संकेत देखियो, होईन भने कसको स्वार्थमा चार जना मन्त्रीहरु थप्नुभयो, के आधारमा नियुक्त गर्नुभयो ?', आजपा अध्यक्ष साहले प्रश्न गर्दै भने, 'विषयविज्ञता एउटा भएको र नियुक्ती अर्कैमा दिइएको भन्दै अहिलेको पछिल्लो मन्त्रिपरिषद् विस्तारमा पनि प्रधानमन्त्री कार्की स्वार्थसमूहको प्रभावमा परेको देखिन्छ । यस्तै पाराले चुनाव हुन्छ त ? चुनाव गराउने अर्जुनदृष्टि राख्नुहोस, बिचौलिया र स्वार्थसमूहको प्रभावमा नपर्नुहोस ।'

साहले सरकार र जेन-जीहरुबीच भएको पछिल्लो सम्झौतापनि धोकाको दस्तावेज

बाँकी पृष्ठ ७ मा

## पश्चिम नवलपरासीबाट त्रिपाठीको नाम एकल सिफारिस



रविन्द्र यादव, पश्चिम नवलपरासी । आसन्न प्रतिनिधि सभा निर्वाचनका लागि दुईवटा निर्वाचन क्षेत्र भएको लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) बाट जनता प्रगतिशील पार्टी नेपालका तर्फबाट पुर्वमन्त्री एवं उक्त पार्टीका राष्ट्रिय अध्यक्ष हृदयेश त्रिपाठीको नाम सिफारिस भएको छ । जनता प्रगतिशील पार्टी नेपाल क्षेत्रीय कार्य समिति निर्वाचन क्षेत्र नम्बर १ को बैठकको निर्णय अनुसार पुर्वमन्त्री एवं राष्ट्रिय अध्यक्ष त्रिपाठीको एकल नाम सिफारिस गर्ने निर्णय गरेको पार्टीका जिल्ला संयोजक राधेरमण पाण्डेले जानकारी दिए । यसअघि महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पाटी (लोसपा), हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी (जप्रपा) र वृषेशचन्द्र लाल नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बीच पार्टी एकताको सहमति भएको थियो ।

## संकटको निकास चुनाव मात्र विकल्प : प्रचण्ड



महोत्तरी । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले देशको वर्तमान राजनीतिक सङ्कटको निकासका लागि प्रतिनिधिसभाको चुनाव एउटैमात्र विकल्प भएको बताएका छन् ।

आज महोत्तरीको गौशाला नगर कमिटीद्वारा आयोजित स्व.नेता काशी महतोको श्रद्धाञ्जलीसभामा संयोजक पूर्वप्रधानमन्त्रीसमेत रहेका दाहालले चुनावका लागि पार्टीका सम्पूर्ण कार्यकर्तालाई तयारीमा जुट्न निर्देशन दिए । "देशलाई स्थिरता र निकास दिन अब चुनावको तयारी अपरिहार्य भइसकेको छ", उनले भने, "निर्वाचन हुने कुरामा कोही कसैले सन्देह लिनुपर्दैन" उनले भने ।

सोही कार्यक्रममा पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले स्वर्गीय नेता काशी महतो सबैका प्रेरणाका स्रोत रहेको बताए । उनले जनकपुरको एकता सन्देशसभामा काशी महतोको योगदान अविस्मरणीय रहेको बताए । नेता महतोको गत मङ्सिर २२ गते हृदयघातका कारण मृत्यु भएको थियो ।

## महोत्तरी-२ बाट भण्डारी सिफारिस

बर्दिबास । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले महोत्तरी निर्वाचन क्षेत्र नम्बर-२ बाट पार्टीका वरिष्ठ नेता शरत सिंह भण्डारीको नाम प्रत्यक्षतर्फ एकल रूपमा सिफारिस गरेको छ । बसेको पार्टीको क्षेत्रीय भेलाले भण्डारीलाई प्रतिनिधि सभा सदस्यका लागि सर्वसम्मत उम्मेदवारका रूपमा सिफारिस गर्ने निर्णय गरेको हो । भेलामा सहभागी नेताहरूले महोत्तरी-२ मा पार्टीलाई सशक्त रूपमा अघि बढाउन भण्डारी उपयुक्त उम्मेदवार भएको निष्कर्ष निकालेका छन् ।

लोसपाका नेताहरूले भण्डारीको लामो राजनीतिक अनुभव, संगठन निर्माणमा खेलेको भूमिका तथा मधेसका मुद्दामा देखाएको प्रतिबद्धताका आधारमा एकल नाम सिफारिस गरिएको बताएका छन् । क्षेत्रीय भेलाको निर्णयसँगै उक्त नाम पार्टी केन्द्रीय समितिमा पठाउने तयारी गरिएको छ ।

## समानुपातिकतर्फको उम्मेदवार छनोट गर्न आजपाद्वारा कार्यदल गठन



काठमाडौं । आम जनता पार्टी (आजपा)ले २१ फागुनमा हुने प्रतिनिधिसभाको निर्वाचनको समानुपातिक तर्फको उम्मेदवार छनोट गर्न कार्यदल गठन गरेको छ । आजपा सहअध्यक्ष तिलक थापामगरको नेतृत्वमा गठन भएको कार्यदलमा उमेश कुशवाहा र रन्जु साह रहेका छन् । तीन सदस्यीय कार्यदलले आगामी निर्वाचनका लागि समानुपातिक तर्फको नामावली छनोटका लागि कार्य गर्ने छ ।

पार्टीको विधान, नीति, विचारलाई पालना गर्दै सक्रिय रहेका, पार्टी निर्माणमा योगदान गरेका, पार्टीद्वारा विगतमा घोषित विभिन्न आन्दोलनमा योगदान गर्ने लगायतका मापदण्ड अनुसार समानुपातिक तर्फको उम्मेदवार छनोट गर्ने अधिकार कार्यदललाई दिइएको आजपा कार्यालय सचीव रबिन्द्र सिंहले जनाएका छन् ।

यसैगरी आजपाले जिल्ला-जिल्ला, क्षेत्रबाट उम्मेदवारको सिफारिस गर्न समेत निर्देशन दिएको छ । २१ फागुनमा हुने निर्वाचन केन्द्रीत छलफलमा प्रत्यक्ष र समानुपातिक तर्फको उम्मेदवार छनोट बारेमा बैठकले निर्णय गरेको हो ।

## ५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँको बीउ वितरण सुरू



मो. इसराफिल राइन, महोत्तरी । मटिहानी नगरपालिकाले कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यका साथ किसानहरूलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँको बीउ वितरण गर्न सुरु गरेको छ । उक्त गहुँको बिउ वितरण कार्यको औपचारिक शुभारम्भ मटिहानी नगरपालिकाका नगर प्रमुख ( मेयर) हरि प्रसाद मण्डलले गरेका हुन् ।

नगर प्रमुख मण्डलले कार्यक्रमको शुभारम्भ गर्दै किसानको आयआर्जन बढाउन तथा आधुनिक कृषि प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न नगरपालिकाले प्राथमिकताका साथ कृषि क्षेत्रलाई सहयोग गर्दै आएको बताए । उनले उन्नत जातको बिउ प्रयोगबाट उत्पादन र उत्पादकत्व बढ्ने विश्वास व्यक्त गरे ।

नगरपालिकाको कृषि शाखाकी प्रमुख संध्या साहका अनुसार पालिका भित्रका करिब ५०० जना गहुँ खेती गर्ने किसानहरूलाई लक्षित गरी शनिबारदेखि ५० प्रतिशत अनुदानमा गहुँको बिउ वितरण सुरु गरिएको हो। उनले बिउ वितरण कार्यले किसानलाई राहत पुग्ने र आगामी सिजनमा गहुँ उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा व्यक्त गरिन् ।

कृषि शाखाका सह-संयोजक टंक प्रसाद उपाध्यायले वडाको सिफारिसको आधारमा किसानको नागरिकताको प्रतिलिपि संकलन गरी गहुँको बिउ वितरण भइरहेको जानकारी दिए । उनका अनुसार वास्तविक किसानलाई मात्रै अनुदानको सुविधा पुर्‍याउने उद्देश्यले आवश्यक प्रक्रिया अपनाइएको छ।

गहुँको बिउ वितरण कार्यक्रममा वडा अध्यक्षहरू कलिम अंसारी, जीत नारायण माझी, रितेश साह, मिश्री नायक, मोहम्मद रयूफ, कृषि शाखा प्रमुख संध्या साह, कार्यपालिका सदस्यहरू अरुण नाहर, राम पदारथ साह लगायतका जनप्रतिनिधि तथा स्थानीय किसानहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

## सम्पादकीय

# आन्तरिक सुरक्षा प्रभावकारी बनाउन आवश्यक

मुलुक अहिले राजनीतिक रुपमा संकटग्रस्त अवस्थामा रहेको छ । अहिले चुनावी सरकारका अगाडि सबभन्दा पहिलो दायित्व भनेको तोकिएको मितिमै चुनाव गराएर निर्वाचित सरकारलाई सत्ता सुम्पिनु हो । अहिले राजनीतिक तरलताकै फाइदा उठाएर मुलुकमा विभिन्न संकटहरु पनि देखिएको छ । जेन्जी आनदोलनपछि देशको हरेक क्षेत्र अस्थिर भइसकेका छन् ।

देशको परिस्थितिलाई नेपाली सेनालगायत अन्य सुरक्षा निकायले पनि नजिकबाट सूक्ष्म अध्ययन गर्नु, सुरक्षा चुनौतीका बारेमा विश्लेषण गर्नु र सरकारलाई उत्पन्न चुनौतीपूर्ण रिपोर्ट गर्नुले देशका कठिन सुरक्षा चुनौती रहेको अर्थ लाग्छ । विभिन्न राजनीतिक माग राखेर केही भूमिगत सङ्गठन बेलाबेला देखापरिरहेका छन् । खासगरी यस्ता समूहको कतिपय उद्देश्य सामान्य जनतामा डर, त्रास उत्पन्न गरेर अपहरण, फिरौती, चन्दा असुली तथा लुटपाट रहेको देखिन्छ । कमजोर सीमा सुरक्षा र खुल्ला सिमानाको फाइदा उठाउँदै विभिन्न समूहले साना हतियार र विस्फोटक पदार्थ सजिलै ल्याउनने गरेका छन् ।

राष्ट्र, लोकतन्त्र, संविधान र जनता विरोधी अपराधिक समूहले मधेशमा अखाडाका रूपमा काम गरिरहेका छन् । भारतसँगको खुला सिमानाको फाइदा उठाएर अपराधीहरू एकले अर्को देशमा आश्रय लिने गरेका छन् । एउटा देशमा अपराध गरेर अर्को देशमा लुक्न त्यस्ता अपराधीलाई सजिलो भएको छ । दुवै देशका सुरक्षा निकायले समन्वय गरेर अपराधीहरूको खोजबिन गरेर पक्राउ गर्न नसक्ने हो भने स्थिति भयावह बन्दै जाने देखिन्छ । नेपालका अपराधीहरूले भारतीय भूमि प्रयोग गरिरहेका छन् । नेपाली अपराधीलाई भारतबाट पक्राउ गर्न नेपाल सरकारले भारत सरकारलाई विशेष अनुरोध गर्नुपर्छ ।

नेपाली नेता र सरकारले अन्य विभिन्नखाले सन्धि, सम्झौता र सहमति गर्न सक्छन् भने अपराधीहरू पक्राउ गर्नका लागि किन अनुरोध नगर्ने ? तसर्थ, यस्ता अपराधिक घटना रोक्ने, शान्ति, सुरक्षा स्थापित गर्ने तर्फ सुरक्षा निकायको ध्यान दिनुपर्छ । अपराधी जोसुकै भए पनि तिनीहरूलाई पक्राउ गरेर कारबाही नगर्ने हो भने शान्ति सुरक्षाको सवालमा गम्भीर प्रश्न उठ्ने छ । तसर्थ, कुनै पनि हालतमा अपराधीलाई पक्राउ गरेर कारबाहीमा ल्याउनुपर्छ ।

आन्तरिक सुरक्षामा शान्ति तथा अमनचयन कायम राख्न गृह मन्त्रालय मुख्य भूमिकामा रहेको हुन्छ । गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग छन् र तिनको मुख्य भूमिका शान्तिकालीन समयमा आन्तरिक शान्ति सुरक्षा प्रभावकारी बनाउनु अति आवश्यक छ ।

# पुरानो सत्ताको कथित जनजागरणविरुद्ध महाप्रलयको प्रतीक्षा



सरोजकुमार मिश्रा

> नेताहरूको राजनीतिक चरित्र-लीला गजबको छ । विचार मिलाउँदा एउटासँग गठबन्धन, चुनाव लड्दा अर्कैसँग गठबन्धन, सरकार बनाउँदा तेस्रो गठबन्धन, मन्त्री-प्रधानमन्त्रीको पद नपाउँदा वा विवाद पर्दा चौथो गठबन्धन र कुनै उपाय नलागे पक्ष-विपक्ष मिली पाँचौं गठबन्धन । यो कस्तो लोकतान्त्रिक, गणतान्त्रिक ताल हो ?

जनताको चेतना र जीवनस्तर माथि उठाउनुभन्दा ठूलो विकास केही हुँदैन । नेपालमा नेताहरूले भन्ने गरेको विकास र समृद्धि सबैले देखेकै छन् । २०४७ साल उताको कुरा छाडिदिउँ, यताका कुनै पनि सरकारले दिगो विकास र स्थायी समृद्धिका लागि ठोस काम गरेको पाइँदैन । जबसम्म जनताको जीवनस्तर माथि उठ्दैन, तबसम्म मुलुक स्वाभिमानी र आत्मनिर्भर बन्न सक्दैन । विकास र समृद्धिका कुरा दिवा सपनाजस्तै हुन्छ । मुलुकको यो दुरावस्था हुनुको प्रमुख कारण २००७ सालको क्रान्तिपछि हालसम्मका शासक वर्गले देखाएको आर्थिक तथा राजनीतिक अपारदर्शी व्यवहार नै हो । नेतृत्वकै मूर्खतापूर्ण व्यवहारले मुलुक कहालीलाग्दो सङ्कटमा फसेको छ । २०८२ भदौमा जेनजी समूहको आह्वानमा भएको प्रारम्भिक आर्थिक क्रान्तिको उपलब्धिलाई शून्य बनाउने प्रयासहरू भइरहेका छन् । यस्तो दुस्प्रयासले मुलुकको अस्तित्व नै समाप्त पार्ने खतरा बढ्दो छ ।

अधिकार प्राप्तिका लागि गरिने आन्दोलन वा अभियान भ्रष्टाचार कम हुने समाजमा मात्र सफल हुन्छन् । तसर्थ हामीले देश बचाउन र बनाउन भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति व्यवहारमै लागू गर्नुपर्छ । यसमा समाजका सबै तह-तप्कामा रहेका, असल नियत भएका सरोकारवालाहरू एकमत हुनु जरुरी छ ।

उन्नत लोकतन्त्र तथा जनमुखी निर्वाचन प्रणाली भ्रष्टाचारमुक्त नेपाल र आर्थिक क्रान्तिको मार्गचित्र हो । विडम्बना नेताहरूले गणतान्त्रिक व्यवस्थालाई अनियमितता गर्ने साधन बनाएका छन् । नीतिगत निर्णयको आवरणमा जनताको आँखामा छारो हालेर आफू र आफ्ना भजन-मण्डलीहरूको पालनपोषण गर्नु नेताको प्राथमिकता बनेको छ । विद्यमान व्यवस्था र अवस्थामा लागेको दलाली र भ्रष्टाचाररूपी महामारी निर्मूल नपारी मुलुक बाँच्न सक्दैन । मुलुकको रक्षाका निम्ति पवित्र आर्थिक क्रान्तिको विचारभन्दा ठूलो मार्क्सवाद, माओवाद, समाजवाद, लोकतन्त्रवाद, राजतन्त्रवाद वा मधेसवाद हुन सक्तैन ।

हरेक तहमा रहेका इमानदार युवाहरूको लक्ष्य एउटै छ- मुलुक भ्रष्टाचारीहरूको हातबाट बचाउने अर्थात् मातृभूमिको रक्षा गर्ने । देश रक्षार्थ सपुतहरू लक्ष्यबाट विमुख हुनु हुँदैन । मुलुकको रक्षापश्चात् यसलाई बनाउने र सजाउने बेलामा आ-आफ्नो विचार अगाडि सार्दा राम्रो हुन्छ ।

जनअपेक्षित परिवर्तनलक्षित आर्थिक क्रान्तिको अभियान असफल पार्न अघिल्लो पुस्ताका प्रमुख नेताहरू माफिया, भ्रष्ट, तस्कर, कालोबजारियाको मोहरा बनेका छन् । जनमुखी विचारबाट विमुख नेताहरूले प्राप्त जनमत र शक्तिको दुरूपयोग गरेकै हुनाले २०८२ भदौ २३ र २४ गते ऐतिहासिक विद्रोह (क्रान्ति) भएको हो ।

तर दिशाहीन नेताहरूको घैँटोमा अझै घाम लागेको छैन । उनीहरूले मुलुक र जनताविरोधी काम-कुरा गर्न छोडेका छैनन् । सत्य तितो हुन्छ तर रोगको उपचारका लागि तितो औषधि नभई हुँदैन । सुशासन प्राप्तिको अभियान समाप्त पार्न भइरहेका चलखेल र षड्यन्त्रहरूको समयमै पर्दाफास हुनुपर्छ । आफ्नो लक्ष्यमा अडिग युवापुस्ता षड्यन्त्रकारीहरूको सामना गर्न तयार छ । इमानदार युवापुस्ताको एकता नै देश रक्षाको कवच बन्नेछ ।

आर्थिक क्रान्तिको सफलता वा असफलता मुलुकको भविष्यसँग गाँसिएको हुनाले परिणाम जस्तो आउँछ जनताले त्यस्तै भोग्ने हो । तसर्थ आर्थिक क्रान्तिको अभियान सफल हुनैपर्छ । समुद्रको लहर तत्काल शान्त भएको देखेर खतरा टर्‍यो भनी ठान्नु मूर्खता हुन्छ । शान्त देखिएको लहरमै आगामी तुफानको क्षमता लुकेको हुन्छ । जेनजी विद्रोहको आँधीले दलाल, भ्रष्ट दुस्प्रवृत्तिको जरो उखेल्न सकेन, अब जनआन्दोलनको सुनामी आउने प्रतीक्षा छ ।

दुर्भाग्य, जेनजी आन्दोलनको जगमा बनेको वर्तमान सरकार भ्रष्टाचारमुक्त नेपालको ढोका खोल्न डराइरहेको छ । बुढाबुढीको शासन (जिरेन्टोक्रेसी)मा हुने यस्तै हो । त्यसैले अवस्था परिवर्तनको महान् अपेक्षा पूरा गर्न देशको राजनीतिक पगाहा सम्हाल्ने जिम्मेवारी जेनजी युवाहरूलाई दिनुपर्छ । आगामी निर्वाचनमा हुने जेनजी युवाहरूको सहभागिता आफैँमा एउटा महाशक्ति हो । अवश्य पनि जनताको आशीर्वाद युवाहरूको साथमा रहनेछ ।

क्रान्ति वा विद्रोह सफल बनाउन नेतृत्व इमानदार र वैचारिक धरातलको जग बलियो हुनु आवश्यक हुन्छ । अधिकार प्राप्तिका लागि जनताको रगत बगाउन लगाएर सत्ता र निजी स्वार्थको खेल गर्ने दलालहरूलाई इतिहासले माफ गर्ने छैन । मुलुकको अस्तित्व रक्षा गर्न अघि बढेका निर्दोष, देश-रक्षक, शान्ति-दूत जेनजी युवाहरूको निर्मम हत्या गर्ने जो भए पनि जबाफदेही र कारबाहीको भागीदार बनाउनै पर्छ । मुलुकलाई फोहरी राजनीतिको खेलमा फसाउने, सत्ताको दुरूपयोग गरी भ्रष्टाचारीको मतियार बन्नेहरू नयाँ-नयाँ आवरणमा टाउको उठाउँदै छन् । उनीहरू विभिन्न हतकन्डा अपनाउँदै मुलुकलाई यथास्थितिमा राख्ने दुस्प्रयास गरिराखेका छन्, जसको परिणाम भयावह हुनसक्छ । मुलुक ठूलो दुर्घटनातर्फ उन्मुख हुँदो छ । पुरानो सत्ताले नेपाली समाजलाई गृहयुद्धतर्फ धकेल्न चाहेको टड्कारो देखिँदै छ ।

संसद् पुनःस्थापनाको गोलचक्करमा फसाएर २०८२ फागुन २१ गते घोषित प्रतिनिधिसभाको निर्वाचनको मिति टारिने सम्भावना पनि उत्तिकै छ । सांसद र सरकारको भ्रष्टाचारयुक्त गतिविधिले असफल बनेको संसद् जेनजी आन्दोलनपछि उत्पन्न सङ्कटकालीन परिस्थितिबीच विघटन भएको थियो । तर जनभावनाविपरीत पुरानो सत्ताबाट संसद् पुनःस्थापनाको बेमौसमी बाजा बजाउँदै जेनजी आन्दोलनप्रति अपमान गर्ने काम भइरहेको छ । यसले मुलुकलाई थप सङ्कटतर्फ धकेलेको छ ।

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार २०४७ सालको कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बनेको अन्तरिम सरकारजस्तै जनआन्दोलनको जगमा बनेको शक्तिमान सरकार हो । यो सरकारले २०४७ सालको जस्तो अन्तरिम संविधान घोषणा गरी, अध्यादेशहरू ल्याई विद्यमान सङ्कट समाधान गर्न सक्नुपर्छ । निर्वाचनको समय केही सारेर भए पनि विवादित विषयहरूमा जनमतसङ्ग्रह गराइनु पर्छ । आन्दोलनको जगमा बनेको सरकारलाई कसैको दबाब वा प्रभावमा परी बाटो बिराउने छुट छैन ।

संविधानसभाको निर्वाचनका बेला दमन गरिएको हिन्दु धर्मको पक्ष, प्रत्यक्ष वा संसदीय प्रणालीबाट निर्वाचित प्रधानमन्त्री आदि विषयमा जनमतसङ्ग्रह गराएर अगाडि बढ्दा बेस हुन्छ । विवादित विषयको छिनोफोनोसहित संविधानलाई सर्वस्वीकार्य बनाउँदै सर्वपक्षीय गोलमेच सम्मेलनमार्फत समस्याहरू समाधान गर्न सकिन्छ । यथास्थितिको निर्वाचनले मुलुक उभो लाग्दैन । २०१५ सालदेखि जनताले अनेकौं निर्वाचन देखिसके । निर्वाचनले परिणाममुखी, जनअपेक्षित, स्थिर व्यवस्था दिनसकेको छैन । प्रमुख दल र तिनका नेताहरूले जनचाहनाअनुसार संविधानमा संशोधन गर्छौं भने तर गर्न सकेनन् ।

नेताहरूको राजनीतिक चरित्र-लीला गजबको छ । विचार मिलाउँदा एउटासँग गठबन्धन, चुनाव लड्दा अर्कैसँग गठबन्धन, सरकार बनाउँदा तेस्रो गठबन्धन, मन्त्री-प्रधानमन्त्रीको पद नपाउँदा वा विवाद पर्दा चौथो गठबन्धन र कुनै उपाय नलागे पक्ष-विपक्ष मिली पाँचौं गठबन्धन । यो कस्तो लोकतान्त्रिक, गणतान्त्रिक ताल हो ?

मधेसकेन्द्रित दलाल नेताहरूको चाल अझ निराला छ । सामान्य बहुमतबाट सरकार बन्ने अवस्था आए मुलुकलाई लुट्न यिनीहरू पहिल्यै खुट्टा उचाल्छन् । तर दुईतिहाइ बहुमत भएको बेलामा समेत यिनीहरूले 'मालिकहरू'सँग संविधान संशोधनको कुरा गर्न सकेनन् । यसको अर्थ मधेसका जनतालाई अधिकार सम्पन्न बनाउने मुद्दा यिनीहरूको प्राथमिकता होइन, आर्थिक चलखेल र अकुत सम्पत्ति आर्जन यिनीहरूको अभीष्ट हो ।

मधेस केन्द्रित दलाल नाइकेहरू महन्थ ठाकुर, हृदयेश त्रिपाठी, राजेन्द्र महतो, अनिलकुमार झा, लक्ष्मणलाल कर्ण, उपेन्द्र यादव, शरदसिंह भण्डारी, राजकिशोर यादव, सिके राउत, रेशम चौधरी र यिनका भरौटेहरूको दुस्प्रवृत्तिबारे जनता जानकार नै छन् । यिनीहरूको कुकर्मको कालोचिट्ठा समयसँगै सार्वजनिक हुनेछ । नेताहरूको दर्शन, आदर्श, नीति, उद्देश्य, सिद्धान्तमा चरम विचलन देखिएको छ । उनीहरूो वचन र कर्ममा देखिएको फरकपनको स्वतन्त्र विश्लेषण हुनुपर्छ । केही दलाल नाइके र यिनका भरौटेहरूलाई गत निर्वाचनमा हराएर मधेसका जनताले थोरै भए पनि पाठ सिकाएका छन् । तर डोरी जले पनि बल बाँकी नै छ भने जस्तो केही कसर यथावत् छ । आगामी निर्वाचनमा जनताले बाँकी फोहर-मैला बढार्ने निश्चित छ ।

यद्यपि दलाल नाइके र तिनका भरौटेहरू जनतालाई भ्रममा पारी निर्वाचनमा आफ्नो मत बढाउने उद्देश्यले जनजागरण अभियानका नाममा पुरानै नौटङ्की प्रदर्शन गर्ने योजनामा छन् । तर इमानदार युवाहरूले भ्रष्टहरूको साथ छोडिसकेका छन् । मधेस आन्दोलनपश्चात् तयार युवापुस्ता जनविश्वास गुमाइसकेका दलालहरूको चरित्रप्रति घृणा गर्छ । भनिन्छ, १२ वर्षमा खोला फर्किन्छ तर दलालीमा रमाएकाहरूको बुद्धि फर्किँदैन । २०८२ फागुन २१ गतेका लागि घोषित प्रतिनिधिसभा निर्वाचनको समानुपातिक सूचीमा नाम राख्न र प्रत्यक्षतर्फको टिकट प्राप्त गर्न राम्रो नजराना बुझाउनसक्ने

*बाँकी पृष्ठ ७ मा*

# सम्पूर्ण जेनजीले यो बुझ्न जरुरी छ कि वास्तवमा हाम्रो आवाज सुन्ने कसले ?

जेनजी आन्दोलनमा लागेकाहरू विभिन्न समूहमा छरिएका छन् । धेरै पार्टी खुलेका छन् । धेरै ठाउँमा विभाजित भएर होइन, एक ठाउँमा आउन म आग्रह गर्छु । एउटा ठाउँमा १० जना उभिनु र एउटा ठाउँमा हजार जना उभिनु फरक छ । सबैभन्दा पहिला हामी आफैँले पनि बुझेर असल व्यक्तिलाई चुनेर पठायौँ भने राम्रो हुन्छ । उहाँहरूलाई झकझकाउने बाटो पनि हुन्छ ।



**मुस्कान खातुन**

**सामाजिक अभियन्ता एवं नेपाली कम्युनिस्ट पार्टीकी नेतृ**

**० सरकार र जेनजीबिच भएको १० बुँदे सम्झौतालाई कसरी लिनुभएको छ ?**

– यो एकदमै राम्रो कुरा हो । परिवर्तनलाई संस्थागत गरेर जानुपर्छ भनेर बुझेर नै सम्झौता भयो जस्तो लाग्छ । जेनजीलाई पनि हामीले अगाडि बढाउनुपर्छ । जेनजीका मागहरू, चाहनाहरू पूरा गर्नुपर्छ । अनेरास्ववियु (क्रान्तिकारी)ले पनि उनीहरूको भावनालाई आत्मसात गरी जेनजी महोत्सव आयोजना गर्नुभएको छ । हामी सबैले साथ दिएर अभियानलाई सफल बनाउने छौँ भन्ने मलाई पूर्ण विश्वास छ ।

**० भ्रष्टाचार र बेथितिविरुद्ध भदौ २३ गते जेनजीले स्वतःस्फूर्त रुपमा गरेको आन्दोलनमा सरकारले निर्मम दमन गर्दा २१ जना युवाले ज्यान गुमाए । भोलिपल्ट विध्वंश मच्चियो, त्यसमा घुसपैठ भयो भन्ने पनि छ । जेनजीबाटै सम्झौता पत्र च्यात्ने काम भयो । यसलाई कसरी मूल्यांकन गर्नुभएको छ ?**

– भ्रष्टाचार र बेथितिविरुद्ध बोल्न जरुरी छ, हामीले आवाज उठाउन जरुरी छ । विकास गर्नुपर्छ, भ्रष्टाचारको अन्त्य हुनुपर्छ भन्ने योजनासहित जेनजीले आवाज उठाउनु राम्रो थियो । त्यो आवाज शान्तिपूर्ण भएमा एउटा सफल र बलियो रुपमा अगाडि बढ्छ जस्तो मलाई लाग्छ । तर भोलिपल्ट सिंहदरबारदेखि लिएर सम्पूर्ण सरकारी भवन जुन जल्यो, त्यो वास्तवमा एकदमै दुःखद् कुरा हो । किनकि त्यो विध्वंशले देशको विकास १० वर्ष पछाडि धकेलिएको जस्तो महसुस भएको छ । सिंहदरबार एउटा हाम्रो इतिहास हो । त्यो जलाउनु भनेको दुःखद् हो । शान्तिपूर्ण रुपमा आवाजलाई बुलन्द रूपमा अगाडि बढाएको भए सायद हामीले एउटा असल परिवर्तन गर्न सकिन्थ्यो होला । तर जे नहुनु थियो भइसक्यो त्यसलाई सम्झेर पनि भएन । कतिपय जेनजीहरूले पनि बुझेका छन् कि शान्तिपूर्ण रुपमै बोलेर, आवाज उठाएर देशका लागि केही गर्नुपर्छ भनेर लाग्नुभएको छ । शान्तिपूर्ण आवाज राम्रो होस् भन्न चाहन्छु ।

**० जेनजी मुभमेन्ट असल नियतका साथ भएको थियो । तर त्यसलाई विषयान्तर गर्न वा आन्दोलनलाई कमजोर बनाउन कसैले घुसपैठ गरेजस्तो तपाईंलाई लाग्दैन ?**

– सम्पूर्ण जेनजीले चाहेको र म आफैं एउटा जेनजीकै उमेर भएका कारणले गर्दा हामी सम्पूर्ण जेनजीको एउटै उद्देश्य देश विकास होस्, भ्रष्टाचार अन्त्य होस्, विभिन्न प्रकारका हिंसाहरूको अन्त्य होस् भन्ने नै हो । त्यही भनेर नै आन्दोलनमा लागेका हौँ ।

तर अहिले जेनजीहरू विभिन्न समूहमा छुट्टिनुभएको छ । सम्पूर्ण जेनजीले यो बुझ्न जरुरी छ कि हामी एकताबद्ध हुनुपर्छ । एउटै लक्ष्य र उद्देश्य बनाएर काम गरियो भने अवश्य नै राम्रो हुन्छ । तर यसरी विभाजित भएर गयो भने हामी गन्तव्यमा पुग्दैनौँ । त्यसैले सर्वप्रथम जेनजी नै पहिला एक हुनुपर्छजस्तो मलाई लाग्छ ।

**० तपाईंलाई जेनजी आन्दोलन अहिले दलीय छायामा पर्न थालेको हो कि जस्तो लाग्दैन ?**

– अवश्य नै लाग्छ । शान्तिपूर्ण आन्दोलन गर्ने भनेर धेरै जेनजी युवा सडकमा उत्रेका थिए । ठुलो संख्यामा उपस्थित भएर शान्तिपूर्ण आन्दोलन गरेका थिए । उनीहरुको आवाज बुलन्द रुपमा अगाडि बढिरहेको थियो । तर अहिले जेनजीलाई विभिन्न पार्टीले समेट्दै छन् । यताउति छरिनुभएको छ ।

सम्पूर्ण जेनजीले यो बुझ्न जरुरी छ कि वास्तवमा हाम्रो आवाज सुन्ने कसले ? यी सबै बुझेर एक ठाउँमा लाग्न जरुरी छ । कुन व्यक्ति असल छन् ? वास्तवमा समाजमा कसले बढी दायित्व बहन गरेका छन् । त्यसको इतिहास पढेर वा बुझेर एकै ठाउँमा आउनुभयो भने त्यसले राम्रो परिणम ल्याउँछ । नत्र विभिन्न ठाउँमा जेनजीहरू छरिने, विभिन्न पार्टीमा लाग्नुभयो भने साझा उद्देश्य प्राप्त गर्न गाह्रो होला । सम्पूर्ण जेनजी एक भएर अगाडि बढ्न जरूरी छ । यसले देशका लागि हामीले केही गर्नुपर्ने वातावरण पनि राम्रो हुन्छ । जब हामी सँगै हिँड्छौँ, हाम्रो योजना पनि एउटै हुन्छ । सँगै नहिँडेपछि हाम्रा योजनाहरू पनि फरक-फरक हुँदै जान्छन् ।

**० तपाईंले सबै जेनजीलाई एकताबद्ध भएर जान आग्रह गरिरहँदा अहिले जेनजी समूहबिच नै फाटो आइरहेको छ । एकले अर्कोको अस्तित्व स्वीकारेको अवस्था छैन । कतै जेनजीको बलिदानी खेर जाने हो कि जस्तो लागेको छैन ?**

– जेनजी आन्दोलनमा सहिद भएका दाजु, दिदी, भाइबहिनीहरूलाई सम्झँदा दुःख लाग्छ । बाल्यकालमै, पढ्ने उमेरमा ज्यान गुमाउनु परेको छ । उहाँहरूले अझ कति जीवन देख्न बाँकी थियो, कति यात्रा गर्न बाँकी थियो । तर सानै उमेरमा ज्यान गुमाउँदा दुःख लागेर आउँछ । त्यस्तो नगरेको भए हुन्थ्यो । एउटा कमलको फूल फुल्ने ठाउँमा नै मरेको अवस्था देख्दा मलाई एकदमै दुःख लागेको छ । जति जनाले देशका लागि ज्यान दिनुभयो, उहाँहरूको सपना हामीले पूरा गर्नुपर्छ भनेर बुझ्न जरुरी छ । हामीले त्यो दायित्व पूरा गर्न सँगै हिँड्न जरुरी छ । त्यो दिन हामीले बिर्सिन हुँदैन ।

जेनजी आन्दोलनमा लागेकाहरू विभिन्न समूहमा छरिएका छन् । धेरै पार्टी खुलेका छन् । धेरै ठाउँमा विभाजित भएर होइन, एक ठाउँमा आउन म आग्रह गर्छु । एउटा ठाउँमा १० जना उभिनु र एउटा ठाउँमा हजार जना उभिनु फरक छ । सबैभन्दा पहिला हामी आफैँले पनि बुझेर असल व्यक्तिलाई चुनेर पठायौँ भने राम्रो हुन्छ । उहाँहरूलाई झकझकाउने बाटो पनि हुन्छ ।

म आफैँ पनि नेपाली कम्युनिस्ट पार्टीबाट जुटेको छु । हाम्रो संयोजक पुष्पकमल दाहालज्यूसँग भेट्दा, कुरा बुझ्दै जाँदा जेनजी आन्दोलनपछि उहाँहरूको विचार धेरै परिवर्तन भएको पाउँछु । हामीले युवालाई अगाडि बढाउनुपर्छ । अभिभावक हामी बनेर युवाहरूलाई सहजीकरण गर्दिनुपर्छ जस्ता कुरा परिवर्तन आएको छ ।

**० पाँच वर्षअघि तपाईंमाथि जुन खालको तेजाब आक्रमण भयो । तर अलिकति पनि विचलित नभएर समाजमा देखिएका विभेद र महिला हिंसा विरुद्धको अभियानमा अनवरत रुपमा लाग्नुभयो । अभियानबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त पनि गर्नुभयो । तर अहिले आएर नेपाली कम्युनिस्ट पार्टी नै किन रोज्नुभयो ?**

– सर्वप्रथम म आफैँ तेजाब आक्रमणमा परेँ । त्यतिबेला मैले न्याय पाउनुपर्छ भन्ने लाग्थ्यो । मैले एउटा देशबाट चाहेको न्याय मात्रै थियो । तर त्यो न्यायका लागि पनि मैले धेरै पटक बोल्नुपर्‍यो, आवाज उठाउनुपर्‍यो । सजिलो रुपमा मैले न्याय पाउन सकिनँ । पाँच वर्षसम्म मैले अन्यायविरुद्ध, तेजाब आक्रमणको विरुद्ध लडेँ, बोलेँ, आवाज उठाएँ । र, कानुन परिवर्तन गर्न पनि सफल भएँ । वास्तवमा मैले यो फिल्डमा काम गरिराख्दा के महसुस भयो भने एउटा तेजाब आक्रमण मात्रै जघन्य अपराध होइन, हिंसा होइन ।

आज पनि हामीले गाउँघरमा गएर हेरौँ, मधेस प्रदेशमा गएर हेरौँ भने कति धेरै दिदीबहिनी आफ्नो ज्यान गुमाउनुपरेको अवस्था देखिरहेको छु । गल्ती नै नभइकन पनि ज्यान गुमाउनुपर्ने अवस्था हामीले देखिरहेका छौँ । तर त्यो बाहिर आउन सकेको छैन । म आफैँ पनि पीडामा परेको व्यक्ति भएकाले, ती पीडा महसुस गर्न सक्छु । सबै पीडा एकै हुन् जस्तो मलाई लाग्छ । सम्पूर्ण प्रकारका हिंसा विरुद्ध कडा कानुन आउनुपर्छ । सम्पूर्ण दिदीबहिनीले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ । समाजमा सबैलाई बाँच्ने अधिकार छ ।

यी अभियानमा जोडिँदा मैले पाँच वर्षसम्म धेरै काम गरेँ । कतिपय कुरामा मलाई नेपाल सरकारको सपोर्ट चाहिएको थियो । विभिन्न दाजु, दिदी, भाइबहिनीका सपोर्ट चाहेका थियौं । जेनजी आन्दोलनपछि म नेपाली कम्युनिस्ट पार्टीमा जोडिनुको उद्देश्य के हो भने मैले विभिन्न पार्टीको अध्ययन गरेँ । मेरो बाबा पनि धेरै पहिलेबाट नै राजनीतिक विषयमा अध्ययन गर्नुभएको व्यक्ति हो । समाजवादी पार्टीमा नै हामी लाग्नुपर्छ भन्ने निष्कर्षका साथ यो पार्टीमा प्रवेश गरेँ ।

आफ्ना लागि सोच्ने व्यक्ति त धेरै छन्, तर समाजका लागि सोच्नुपर्छ भन्ने थोरै मात्रै व्यक्ति हामीले देखिरहेका छौँ । अरुको लागि मैले बाँचेर केही गर्नुपर्छ भनेर सोच्ने व्यक्ति धेरै कम छन् । आफ्नो लागि बनाउँछु, आफ्नो लागि गर्छु भन्ने धेरै व्यक्ति देखिन्छन् समाजमा । जन्मिसकेपछि हामीले अर्काका लागि सोच्नुपर्छ । हामीले आधा पेट खाए अरुलाई पेटभरि खान दिनुपर्छ भन्ने सोच्ने एउटा ठुलो विचार हो । ठुलो परिवर्तन हो जस्तो लाग्छ । मैले सोच्ने गरेको, मैले गर्ने गरेको काम र नेपाली कम्युनिस्ट पार्टीबाट गरेको काम मिल्दाजुल्दा छन् । त्यसै कारणले म यो पार्टीमा जुटेको हो ।

देशमा गणतन्त्र, लोकतन्त्र ल्याउन, सम्पूर्ण जातजाति एउटै हो भनेर पुष्पकमल दाहाल प्रचण्डज्यूले धेरै संघर्ष गर्नुभएको छ । उहाँ पनि जेनजीकै उमेरबाट लड्नुभएको हो । सम्पूर्ण जातजाति बराबर हो, मुस्लिम, दलित तल्लो जातदेखि लिएर माथिल्लो जात समान हुन् भनेर उहाँले धेरै संघर्ष गर्नुभयो । म आफ्नै जीवनमा घटना घटिसकेपछि न्यायका लागि धेरै आवाज उठाएँ । अब म जस्ता बालबालिकाले यस्तो पीडा नभोगुन् भनेर नै आवाज उठाएको हो ।

त्यसैले मेरो अभियान र उहाँहरूले गर्नुभएका काम मिल्दोजुल्दो भएर नै म यो पार्टीमा लागेको हो । मलाई एमबीबीएस पढ्ने रहर थियो । तर मेरो अभियान समाजमा रहेका भायलेन्स अन्त्य गर्नुपर्छ भन्ने थियो । त्यसैले एमबीबीएसको रहर त्यागेर कानुन पढ्न थालेको हुँ । कानुनी दायित्वमा बसेर मैले काम गर्नुपर्छ भनेर आफ्नो फ्याकल्टी चेन्ज गरेँ ।


नेपाली कम्युनिस्ट पार्टीलाई नै साथ दिएर सकेसम्म आफ्नो देशका लागि, आफ्नो समाजका लागि, घरपरिवारका लागि एउटा राम्रो काम गर्छु भनेर लागेको छु । सबैको साथ सपोर्ट भयो भने अवश्य नै हामीले चाहेको, हामीले सोचेको पनि गर्न सक्छौँ । किनकि हिम्मत हार्नु हुँदैन, हिम्मत हार्‍यो भने त्यो मान्छे सकिहाल्यो नि । हिम्मत नहारी अगाडि बढ्दा धेरै प्रब्लम फेस गर्न सकिन्छ । *-रातोपाटीबाट साभार*

# मटिहानी नगरपालिकाद्वारा किसानलाई हिउँदे घासको बीउ वितरण

महोत्तरी । मटिहानी नगरपालिकाले स्थानीय पशुपालक किसानहरूको पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले हिउँदे घाँसको बिउ वितरण कार्यक्रम औपचारिक रूपमा प्रारम्भ गरेको छ ।

पशु आहारको अभाव न्यूनीकरण गर्दै दुध, मासु तथा पशुपालनबाट हुने आम्दानी वृद्धि गर्ने लक्ष्यसहित उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रमको शुभारम्भ मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले गरे ।




सो अवसरमा बोल्दै नगर प्रमुख मण्डलले पशुपालन क्षेत्र किसानहरूको जीवनयापनसँग प्रत्यक्ष रूपमा जोडिएको उल्लेख गर्दै नगरपालिकाले कृषि तथा पशुपालन क्षेत्रलाई प्राथमिकतामा राखेर विभिन्न सहयोगमूलक कार्यक्रमहरू अघि बढाइरहेको बताए ।

उनले हिउँदे समयमा हरियो घाँसको अभाव हुने भएकाले यस किसिमको बिउ वितरण कार्यक्रमले किसानहरूलाई ठूलो राहत पुग्ने विश्वास व्यक्त गरे ।

पशु सेवा शाखा मटिहानीद्वारा सञ्चालन भइरहेको यस कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका करिब ५ सय जना पशुपालक कृषकहरूलाई बर्सिङ (बरसिम) र जौको हिउँदे घाँसको बिउ वितरण गरिने पशु सेवा प्राविधिक दिलिप कुमार यादवले जानकारी दिए ।

उनका अनुसार यी घाँसहरू पोषणयुक्त, छिटो बढ्ने र पशुका लागि उपयोगी भएकाले पशुपालनको उत्पादकत्व बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ।

कार्यक्रममा मटिहानी नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष कलीम अंसारीज्यू, पशु सेवा शाखा प्रमुख दिलीप यादव, स्थानीय जनप्रतिनिधि तथा ठूलो संख्यामा कृषकहरूको उपस्थिति रहेको थियो।

सहभागी कृषकहरूले नगरपालिकाले समयमै बिउ उपलब्ध गराइदिएकोमा खुशी व्यक्त गर्दै यसले पशु आहारको समस्या समाधान हुनुका साथै पशुपालन व्यवसायलाई थप सुदृढ बनाउने अपेक्षा राखेका छन्।

# राष्ट्रिय मुक्ति पार्टीको धनुषा-३ को क्षेत्रीय संयोजकमा दीपक झा चयन



जनकपुरधाम । राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालले धनुषा निर्वाचन क्षेत्र नं. ३ का लागि दीपक झालाई क्षेत्रीय संयोजकमा सर्वसम्मत रूपमा चयन गरेको छ । पार्टीको क्षेत्रीय बैठकले संगठन सुदृढीकरण र क्षेत्रीय गतिविधिलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित झालाई संयोजकको जिम्मेवारी दिएको जनाइएको छ ।

केन्द्रीय उपाध्यक्ष तथा सो क्षेत्रका सम्भावित प्रतिनिधि सभा सदस्य उम्मेदवार डा. राजीव झाका अनुसार नयाँ नेतृत्व चयनसँगै धनुषा-३ मा संगठन विस्तार, जनसम्पर्क तथा राजनीतिक गतिविधि अझ सक्रिय हुने छन् ।

नवनिर्वाचित संयोजक झाले आफूलाई दिइएको जिम्मेवारीप्रति आभार व्यक्त गर्दै पार्टीको नीति, सिद्धान्त र कार्यक्रम जनतासम्म पुऱ्याउन प्रतिबद्ध भएर काम गर्ने बताए । उनले क्षेत्रका नेता, कार्यकर्ता र समर्थकलाई एकताबद्ध गर्दै पार्टीलाई मजबुत बनाउने आफ्नो प्राथमिकता रहने बताएका छन् ।

सो अवसरमा पार्टीका केन्द्रीय सचिव संजय चौधरी, अनुशासन विभाग प्रमुख संजय सिंह, राजनीतिक समिति सदस्य दीपक यादव, जिल्ला उपाध्यक्षहरू विनोद ठाकुर, जितेन्द्र पासवान र शंकर पासवान, जिल्ला सचिव कृष्ण कुमार साह र जीवन यादव, नगराइन नगरपालिका नगर संयोजक राम जीवन साह, संजीव झा लगायतको उपस्थिति रहेको थियो ।

# जनता समाजवादी पार्टी लुम्बिनी प्रदेश अध्यक्षमा युवा नेता अकरम पठान

इमरान खान, कपिलवस्तु । जनता समाजवादी पार्टी लुम्बिनी प्रदेश समितिको नेतृत्वमा युवा नेता अकरम पठान चयन भएका छन् ।

कपिलवस्तुको शिवराज नगरपालिकाको सिद्धार्थ रिसोर्ट चन्द्रौटामा भएको पार्टी पुनर्गठन कार्यक्रमद्वारा उनी चयन भएका थिए । अकरम पठानको नेतृत्वमा ४९ सदस्यीय लुम्बिनी प्रदेश समितिको उपाध्यक्षमा नेत्रबहादुर थापा, मोहम्मद असलम अन्सारी र लालिमा मल्ल चयन भएका छन् ।

मुख्य सचिवमा विवेक चन्द्र मिश्र, सचिवमा सुनिल पाठक र सुमित्रा नेपाली तथा कोषाध्यक्षमा मोहम्मद कादरीले जिम्मेवारी पाएको जसपाले जनाएको छ ।



यसैबिच केन्द्रीय अध्यक्ष अशोक कुमार राईले आगामी चुनावमा सुशासनलाई मुख्य एजेन्डा बनाइने बताए । जेनजीको भावना समेटिएको आधुनिक, समावेशी र परिवर्तनमुखी घोषणापत्र सार्वजनिक गर्ने तयारी भएको उनले बताए ।

उनले जसपा, नागरिक उन्मुक्ति पार्टी नेपाल र राष्ट्रिय मुक्ति पार्टी एकीकृत रूपमा 'जातो' चुनाव चिन्ह लिएर जाने निर्णयलाई संस्थागत गरिएको अध्यक्ष बताए ।

नवनिर्वाचित अध्यक्ष युवा नेता अकरम पठानले युवा पुस्ताले चाहना गरेको सुशासन, पारदर्शिता र जबाफदेहिताको मूल्य बोधलाई आधार बनाएर सगंठनलाई नयाँ राजनीतिक दिशामा अघि बढाइने प्रतिबद्धता समेत जनाए । सहभागितामूलक निर्णय प्रक्रिया, डिजिटल पारदर्शिता र जनतासँग प्रत्यक्ष संवादमार्फत पार्टीलाई थप सशक्त बनाएर अगाडि बढने बताएका थिए ।

# जनमत पार्टीका मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष भरत चौधरी जसपा नेपालमा प्रवेश

काठमाडौं । जनमत पार्टीका मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष भरत चौधरीले पार्टी परित्याग गर्दै जनता समाजवादी पार्टी, नेपाल (जसपा नेपाल) मा प्रवेश गरेका छन्। बुधबार जसपा नेपालको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा जसपा नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा चौधरीले पार्टी प्रवेश गरेका हुन्। प्रवेश कार्यक्रममा अध्यक्ष यादवले चौधरीलाई पार्टीको सदस्यता प्रदान गर्दै स्वागत गरे। पार्टी प्रवेशपछि बोल्दै भरत चौधरीले मधेशका मुद्दा, अधिकार र पहिचानको संघर्षलाई संस्थागत रूपले अगाडि बढाउन जसपा नेपाल उपयुक्त राजनीतिक शक्ति भएको बताएका छन्। "मधेशी जनताको अधिकार, संघीयता र समावेशी लोकतन्त्रको संरक्षणका लागि जसपा नेपालसँगै अघि बढ्ने निर्णय गरेको हुँ," उनले भने। जसपा नेपालका नेताहरूले चौधरीको प्रवेशले मधेश प्रदेशमा पार्टीको संगठन थप सुदृढ हुने विश्वास व्यक्त गरेका छन्। उनीहरूका अनुसार अनुभवी र प्रभावशाली नेताको आगमनले आगामी राजनीतिक गतिविधि तथा निर्वाचनमा पार्टीलाई सकारात्मक ऊर्जा मिल्नेछ। कार्यक्रममा जसपा नेपालका प्रदेश अध्यक्ष बालकिशोर यादव, सर्लाही जिल्ला अध्यक्ष रणधिर यादव, केन्द्रीय सदस्य पेशल ढकाल, कविलासि नगरपालिकाका पुर्व मेयर कौशल किशोर यादव तथा बसवरिया गाउँपालिका अध्यक्ष राम सिहासन राय लगायतका नेताहरूको उपस्थिति रहेको थियो।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# एनआरएनएको १२औं महाधिवेशन फेब्रुअरीमा




काठमाडौं । गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२ औं अन्तरराष्ट्रिय महाधिवेशनको मिति तय गरिएको छ । एनआरएनएको बृहत् एकता पश्चात् गठित स्टेरिङ कमिटीले संघको १२औं अन्तरराष्ट्रिय महाधिवेशनको मिति तय गरेको हो । आइतबार राति बसेको कमिटीको दोस्रो बैठकले आगामी सन् २०२६ को फेब्रुअरी २३, २४ र २५ मा महाधिवेशन तथा निर्वाचन गर्ने निर्णय गरेको हो ।

महासचिवद्वय गौरीराज जोशी र बी.आर लामाद्वारा जारी विज्ञप्तिका अनुसार, बैठकले महाधिवेशनको मिति तय गर्नुका साथै संस्थागत एकता र सुदृढीकरणका लागि विभिन्न महत्त्वपूर्ण निर्णयहरू पनि गरेको छ ।

बैठकले राष्ट्रिय समन्वय समिति (एनसीसी) हरूको एकतालाई सहजीकरण गर्न गंगाधर गौतमको संयोजकत्वमा पाँच सदस्यीय 'एनसीसी युनिटी फ्यासिलिटेसन कमिटी' गठन गरेको छ । उक्त समितिमा टीका गुरुङ (राधिका) सह-संयोजक रहेकी छिन् भने सदस्यहरूमा नारायण काफ्ले, शनी ओली र चिरञ्जीवी खड्का रहेका छन् ।

यसैगरी, बृहत् एकताको सन्देश प्रवाह गर्न र महाधिवेशनको तयारीस्वरूप विभिन्न क्षेत्रमा अन्तरक्रिया तथा संवाद कार्यक्रम गर्ने निर्णय भएको महासचिव लामाले जानकारी दिए । जस अनुसार डिसेम्बर १९मा मध्यपूर्व तथा अफ्रिका क्षेत्रमा, डिसेम्बर २०मा एसिया प्रशान्त तथा ओसिनिया क्षेत्रमा र डिसेम्बर २१मा अमेरिकाज तथा युरोप क्षेत्रमा कार्यक्रम आयोजना हुने छ ।

त्यसैगरी बैठकले स्टेरिङ कमिटीले अनुशासन र जिम्मेवारीलाई कडाइका साथ लागु गर्ने निर्णय गर्दै कमिटीका सम्पूर्ण सदस्यहरूले आगामी बैठक बस्नु अगावै प्रतिवद्धता पत्रमा हस्ताक्षर गरिसक्नुपर्ने समय सिमा पनि तोकेको छ । हस्ताक्षर नगर्ने सदस्यलाई आगामी बैठकमा सहभागिता जनाउन नदिने निर्णय पनि गरिएको छ ।

# समाजको साधारण सभा सम्पन्न, नयाँ कार्य समिति चयन

काठमाडौं । मर्दा र पर्दाका बेला आपसी सहयोग, सहकार्य र भातृत्व एकताको भावना विकास गर्ने उद्देश्यले स्थापना भएको गीतापाञ्चायन कल्याणकारी समाज कलंकी उत्तरी हाइटले आफ्नो तेस्रो साधारण सभा सफलतापूर्वक सम्पन्न गरेको छ । साधारण सभाले सुरेन्द्रकुमार दाहालको नेतृत्वमा नयाँ कार्य समिति सर्वसम्मत रूपमा चयन गरेको छ ।

नवगठित कार्य समितिको उपाध्यक्षमा विष्णु सापकोटा, सचिवमा दीपक रिजाल, कोषाध्यक्षमा प्रेम सुवेदी तथा सहसचिवमा सरिता थापालाई चयन गरिएको छ । यस्तै, कार्यसमितिका सदस्यहरूमा उत्तम स्याङतान, प्रतिमा पोखरेल र सरिता बुढाथोकी चयन भएका छन् ।

साधारण सभाको उद्घघाटन बागमती प्रदेशसभा सदस्य नुरज बज्राचार्यले गरेका थिए । उद्घघाटन मन्तव्यका क्रममा सांसद बज्राचार्यले गीतापाञ्चायन कल्याणकारी समाजले स्थापना कालदेखि नै सामाजिक सद्भाव, सहयोग र मानवीय सेवाको क्षेत्रमा गरेको योगदान प्रशंसनीय रहेको उल्लेख गरे । उनले समाजले गरेका र गर्दै आएका कार्यक्रमहरू अन्य सामाजिक संघसंस्थाका लागि पनि उदाहरणीय रहेकाले समाजको थप उन्नति र संस्थागत विकासका लागि आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरुङले समाजले विपद्, दुःख-सुख र सामाजिक संकटका बेला देखाएको सक्रियता समाजिक ऐक्यबद्धताको राम्रो नमुना भएको बताए । उनले यस्ता संस्थाहरूले राज्यको सामाजिक उत्तरदायित्व पूरा गर्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै समाजको कामलाई अझ व्यवस्थित र दीर्घकालीन बनाउँदै लैजान सुझाव दिए ।

त्यसैगरी काठमाडौं महानगरपालिका-१४ का वडा अध्यक्ष सुमन श्रेष्ठले स्थानीय तहसँग समन्वय गर्दै समाजले सञ्चालन गरेका कल्याणकारी कार्यक्रमहरू प्रशंसनीय रहेको बताए । उनले स्थानीय सरकार सामाजिक संघसंस्थासँग सहकार्य गर्दै अघि बढ्न इच्छुक रहेको उल्लेख गर्दै गीतापाञ्चायन कल्याणकारी समाजसँग आगामी दिनमा पनि सहकार्य विस्तार गर्ने धारणा राखे ।

कार्यक्रममा गीता पाञ्चायन मन्दिर समाज सुधार संस्थाका अध्यक्ष सुरेश रायमाझीले समाजले धार्मिक, सांस्कृतिक र सामाजिक मूल्य-मान्यतालाई जगेर्ना गर्दै समुदायमा एकता र सहयोगको भावना विकास गर्न महत्वपूर्ण भूमिका खेलेको बताए । उनले समाजले भविष्यमा पनि पारदर्शिता र समर्पणका साथ सामाजिक सेवा जारी राख्ने विश्वास व्यक्त गरे ।

साधारण सभामा वार्षिक प्रगति प्रतिवेदन र आर्थिक विवरण प्रस्तुत तथा अनुमोदन गरिएको थियो । साथै, आगामी कार्यकालका लागि समाजले सञ्चालन गर्ने सामाजिक सहयोग, आपत्कालीन राहत, धार्मिक-सांस्कृतिक संरक्षण तथा समुदाय केन्द्रित कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउने निर्णय गरिएको छ ।

नवनिर्वाचित अध्यक्ष सुरेन्द्रकुमार दाहालले समाजप्रति देखाइएको विश्वासका लागि सबै सदस्यहरूलाई धन्यवाद दिँदै सामूहिक प्रयास र सहभागिताबाट समाजलाई अझ सशक्त बनाउँदै लैजाने प्रतिबद्धता जनाए । उनले गीतापाञ्चायन कल्याणकारी समाजलाई उदाहरणीय सामाजिक संस्थाका रूपमा स्थापित गर्ने लक्ष्यसहित काम गर्ने बताए ।

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश



# पोखरामा दोस्रो इन्डिया-नेपाल टुरिजम मिट सम्पन्न

काठमाडौं । भारतीय राजदूतावासले नेपाल पर्यटन बोर्ड र पोखरा पर्यटन परिषद्सँगको सहकार्यमा पोखरामा दोस्रो इन्डिया-नेपाल टुरिजम मिट सम्पन्न गरेको छ ।

बिहीबार सम्पन्न उक्त कार्यक्रम गण्डकी प्रदेशलाई केन्द्रमा राख्दै विशेष रूपमा भारतको उत्तर प्रदेश राज्य र नेपालबीचको पर्यटन प्रवर्द्धनमा केन्द्रित रह्यो । सो अवसरमा अन्तर्राष्ट्रिय सहकारी वर्षसमेत मनाइएको छ ।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे प्रमुख अतिथिका रूपमा सहभागी थिए । उनले आफ्नो सम्बोधनमा पोखरा र मुक्तिनाथ क्षेत्रलाई केन्द्रमा राख्दै भारतसँग बढ्दै गएको पर्यटन सहकार्यप्रति स्वागत व्यक्त गरे ।

भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. राकेश पाण्डेले कनेक्टिभिटीमा आएको सुधारले नेपाल-भारतबीचको पर्यटन आदानप्रदानलाई थप गति दिएको बताए । उनले धार्मिक तथा सांस्कृतिक पर्यटन परिपथ (सर्किट)हरूको संयुक्त प्रवर्द्धनमार्फत दुवै देशबीचको पर्यटन सम्भावनालाई पूर्ण रूपमा उपयोग गर्न सहकार्य आवश्यक रहेकोमा जोड दिए ।




उत्तर प्रदेश पर्यटनका सहनिर्देशक दिनेश कुमारले उत्तर प्रदेशका प्रमुख पर्यटन परिपथहरूबारे प्रस्तुति दिँदै आगामी माघ मेलालाई विशेष रूपमा उल्लेख गरे । साथै, उनले पर्यटन नीति कार्यान्वयनमा उत्तर प्रदेशमा अपनाइएका उत्कृष्ट अभ्यासहरू पनि साझा गरेका छन् ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालको पर्यटन क्षेत्रबारे विस्तृत जानकारी प्रस्तुत गरे । उनले नेपाल भ्रमण गर्ने विदेशी पर्यटकमध्ये भारत सबैभन्दा ठूलो स्रोत मुलुक रहेको उल्लेख गर्दै भारत-नेपाल पर्यटन प्रवर्द्धनका लागि बोर्डले गरेका विभिन्न पहलहरूको चर्चा गरे ।

कार्यक्रमअन्तर्गत आयोजित बी टू बी सत्रमा भारतबाट करिब १० जना र नेपालबाट ६० जना प्रतिनिधिहरू सहभागी थिए । सत्रमा विशेष गरी स्थल मार्गबाट हुने अन्तरदेशीय पर्यटन, बौद्ध परिपथ, वन्यजन्तु तथा साहसिक पर्यटन क्षेत्रमा सम्भावित सहकार्यका विषयमा छलफल गरिएको थियो ।

यसै कार्यक्रमको भागका रूपमा पोखरा पर्यटन परिषद् र नेपाल पर्यटन बोर्डले उत्तर प्रदेशका प्रतिनिधिमण्डलका लागि मंसिर २९ देखि पुस २ गतेसम्म परिचयात्मक भ्रमणको आयोजना गरेका थिए । भ्रमणमार्फत गण्डकी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरू अवलोकन गराइएको थियो ।

# सुशिला सरकार मुर्दाबाद भन्दै वीरगंजमा खबरदारी ¥याली




वीरगंज । कमन जेनजी नेपाल र जेनजी नेपालले वीरगंजमा खबरदारी मोटरसाईकल र्‍याली निकालेको छ । जेनजी हत्यारा, भ्रष्टाचारीलाई कारबाही गर्नुपर्ने, जेनजीसंग गरिएका नक्कली सम्झौता खारेज गर्नुपर्ने लगायतका माग गर्दै खबरदारी मोटरसाईकल र्‍याली निकालिएको हो ।

वीरगंजको लालबंगलाबाट निष्केको सो मोटरसाईकल र्‍याली घण्टाघर, माइस्थान, नारायणी अस्पताल, रजतजयन्ती चौक, आदर्शनगर हुँदै घण्टाघरमा पुगेर समापन भएको थियो । सुशीला कार्की नेतृत्वको सरकारले जेनजी हत्यारा, भ्रष्टाचारीलाई कारबाही गर्न असफल भएको भन्दै उनीहरुले प्रधानमन्त्री सुशीलाको राजीनामा समेत माग गरेका छन् ।

जेनजी हत्यारा र भ्रष्टाचारीलाई कारवाही गर, जेनजी आन्दोलनलाई संस्थागत गर, निकास बिना निर्वाचनको औचित्य छैन, देखावटी सम्झौता हाम्रो माग हैन, जेनजीको माग सुनिश्चित गर, जेनजी माथिको दमन बन्द गर, हत्यारा र भ्रष्टाचारीलाई कारवाही गर, सुशीला तिम्रो पाराले दुख पाए साराले, सुशीला सरकार मुर्दाबाद, हत्यारालाई पक्राउ गर, भ्रष्टाचारीलाई कारबाही गर, पक्राउ परेका जेनजीलाई यथाशिघ्र रिहाइ गर लगायतका नारा लगाउदै र्‍याली निकालिएको हो ।

वीरगंजमा मोटरसाईकल र्‍याली निकाल्नुभन्दा अघि कमन जेनजी नेपालका अध्यक्ष विकेश साहले बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै हालै सरकार र जेनजीबीच भएको सम्झौता धोखा हो भन्दै च्यातेर विरोध गरेका छन् ।

जेनजी हत्यारा, भ्रष्टाचारीलाई कारबाही गर्नुपर्ने, जेनजी आन्दोलनकारीलाई धरपकड बन्द गर्नुपर्ने र पक्राउ परेकालाई रिहाई गर्नुपर्ने लगायतका माग आफूहरुको रहेको कमन जेनजी नेपालका अध्यक्ष साहले जनाएका छन् ।

'जेनजी हत्यारा, भ्रष्टाचारीलाई पक्राउ गर्न नसक्ने सुशीला सरकारले जेनजी आन्दोलनकारीलाई पक्राउ गरेर बहादुरी देखाइरहेका छ । जेनजी हत्यारा केपी ओली, रमेश लेखक लगायतलाई यथाशिघ्र पक्राउ गरी कारबाही गर्न हामीले माग गर्दैआएका छौ,' साहले भने, 'तर यो बहिरा सरकारले हत्यारालाई पक्राउ गर्न सकेको छैन् । नाटक मात्रै गरिरहेको छ । फेक आइडीबाट बनेको सरकारले फेक जेनजीलाई राखेर सम्झौताको नाटक गरिरहेको छ ।'

सरकारद्वारा हालै प्रस्तुत गरिएको सम्झौतापत्रले जेनजी जनआन्दोलनको वास्तविक मर्म, मुद्दा र जनआवाजलाई पूर्ण रूपमा वेवास्ता गरेको जेनजी नेपालका संयोजक कृष्णमोहन सहनीले जनाएका छन् । सरकारले देशको राजनीतिक संकट समाधान गर्न आवश्यक मूल प्रश्नहरूलाई सम्बोधन गर्न असफल भएको सहनीले बताए । 'फेक आईडीबाट बनेको सुशीला सरकारले अझै पनि आफ्नै निर्देशनमा चल्ने फेक जेनजीहरूलाई राखी गरेको समझौता मान्य छैन । देशव्यापी रूपमा उभिएको परिवर्तनको चाहना, युवाहरूको बलिदान र जनताको भरोसालाई कमजोर बनाउने यस्तो समझौताप्रति कमन जेनजी नेपाल कडा विरोध गर्दछ,' कमन जेनजी नेपालका अध्यक्ष साहले भने ।

र्‍यालीमा कमन जेनजी नेपालका अध्यक्ष विकेश साह, जेनजी नेपालका कृष्णमोहन सहनीका साथै निकोलस भुसाल हजारौंको विशेष सहभागिता रहेको थियो ।

# जनमत पार्टीका नेताहरू आजपामा प्रवेश गरे

काठमाडौं । जनमत पार्टीका केन्द्रीय सदस्यहरु विक्रमबहादुर बम, उदयपुर जिल्ला इन्चार्ज पुष्पराज भण्डारी, तिलक भण्डारी सहितका नेताहरु आम जनता पार्टी (आजपा)मा प्रवेश गरेका छन् ।

आजपाको काठमाडौं, कोटेश्वर स्थित पार्टी कार्यालय केन्द्रीय कार्यालयमा बुधबार आयोजित एक कार्यक्रमका बीच नेताहरु आजपामा प्रवेश गरेका हुन् । आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले पार्टी प्रवेश गर्ने नेतालाई टिका, खादा लगाई पार्टीमा स्वागत गर्दै सफल राजनीतिक भविष्यको शुभकामना व्यक्त गरेका छन् ।




जनमत पार्टी परित्याग गरी आजपामा प्रवेश गर्ने नेताहरुले जनमतले मुलुकको नेतृत्व गर्दै नेपाली जनताको आवश्यक्ता, चाहना पुरा गर्न नसक्ने भएकाले आफूहरुले आजपामा प्रवेश गरेको जनाएका छन् ।

आजपाले लिएको रणनीति, उठाउदै आएको मुद्धाले मुलुक र नेपाली जनताको पक्षमा रहेको र आजपाले मुलुकको नेतृत्व गर्दै समृद्धिको स्पष्ट खाका सहित अगाडी बढेकाले आजपामा प्रवेश गरेको जनाएका छन् ।

आजपाको नेतृत्व, नीति, विचार नै अहिलेको आवश्यक्ता भएकाले अन्य नेतालाई समेत उनीहरुले आजपामा गोलबद्ध हुन आह्वान गरेका छन् ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बसबरीया गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

# भारतको सहयोगमा संखुवासभामा निर्मित विद्यालय भवन उद्घाटन

काठमाडौं । संखुवासभाको चिचिला गाउँपालिका ३ मा अवस्थित दिदिङ आधारभूत विद्यालयको नयाँ विद्यालय भवन उद्घाटन गरिएको छ । बिहीबार काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव बशिष्ट नन्दन र चिचिला गाउँपालिकाका अध्यक्ष पासाङ नुर्बु शेर्पाले संयुक्त रूपमा भवनको उद्घाटन गरेका हुन् ।




विद्यालय भवन तथा अन्य सहयोगी संरचनाहरू उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत निर्माण गरिएको हो । उक्त परियोजनाको कार्यान्वयन संखुवासभाको चिचिला गाउँपालिकामार्फत गरिएको थियो । सन् १९६२ मा स्थापना भएको दिदिङ आधारभूत विद्यालयमा प्रारम्भिक बाल विकास (ईसीडी) देखि कक्षा ५ सम्म पठनपाठन हुँदै आएको छ ।

नयाँ पूर्वाधार निर्माणसँगै विद्यालयको भौतिक अवस्था सुदृढ हुने र सिकाइ वातावरणमा सुधार आउने अपेक्षा गरिएको छ । कार्यक्रमका क्रममा चिचिला गाउँपालिका, विद्यालय व्यवस्थापन तथा अन्य सरोकारवालाहरूले भारत सरकारले प्रदान गर्दै आएको विकास सहयोगको प्रशंसा गरेका छन् ।

उनीहरूले नयाँ भवनले यस क्षेत्रको शिक्षा प्रणालीलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरेका छन् । नजिकका छिमेकी राष्ट्र भारत र नेपालबिच बहुआयामिक तथा बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ ।

## १५ वर्षे फ्रेन्चाइजी सम्झौतासँगै अन्तर्राष्ट्रिय पर्यटनको ढोका खुल्यो

बन्दीपुर केवलकार एण्ड टूरिजम लिमिटेड र भारतको अग्रणी अन्तर्राष्ट्रिय होटेल शृङ्खला लेमन ट्री होटल्स लिमिटेड बिच होटेल सञ्चालनका लागि १५ वर्षे फ्रेन्चाइजी तथा व्यवस्थापन सम्झौता सम्पन्न भएको छ। यस सम्झौतासँगै बन्दीपुरस्थित होटेल अब लेमन ट्री होटल्सको अन्तर्राष्ट्रिय ब्रान्ड अन्तर्गत सञ्चालनमा आउने भएको छ।

सम्झौतामा हस्ताक्षर समारोह भारतको नयाँ दिल्लीस्थित लेमन ट्री होटल्सको केन्द्रीय कार्यालयमा सम्पन्न भएको हो। बन्दीपुर केवलकार एण्ड टूरिजम लिमिटेडका तर्फबाट चिफ अथराइज्ड कन्सल्टेन्ट विष्णु पन्थी र लेमन ट्री होटल्स लिमिटेडका तर्फबाट मुख्य कार्यकारी अधिकृत (ऋभ्इ) विलास पवार ले सम्झौतामा हस्ताक्षर गर्नुभएको हो।

सम्झौताअनुसार होटेलको व्यवस्थापन, ब्राण्डिङ, अन्तर्राष्ट्रिय बजारीकरण, सेवा गुणस्तर नियन्त्रण, मानव संशोधन विकास तथा वैश्विक आरक्षण प्रणालीमा पहुँच लेमन ट्री होटल्स मार्फत सुनिश्चित हुनेछ। यसले बन्दीपुरलाई अन्तर्राष्ट्रिय पर्यटक गन्तव्यका रूपमा थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

१०० भन्दा बढी होटेल र ९ हजारभन्दा बढी कोठासहित भारत, मध्यपूर्व र एसियाका विभिन्न मुलुकमा उपस्थिति रहेको लेमन ट्री होटल्सको वैश्विक नेटवर्क, कर्पोरेट ट्राभल सेग्मेन्ट र अन्तर्राष्ट्रिय टुर अपरेटरहरूसँगको सहकार्यले बन्दीपुरको पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास लिइएको छ।

कम्पनीका अनुसार यो सहकार्य बन्दीपुर केवलकार एण्ड टूरिजम लिमिटेडका लागि रणनीतिक माइल स्टोन हो। अन्तर्राष्ट्रिय ब्रान्डसँगको साझेदारीले होटेलको अकुपेन्सी दर वृद्धि, विदेशी मुद्रा आर्जन, राजस्व स्थायित्व तथा कम्पनीको ब्रान्ड मूल्यमा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। यसले लगानीकर्ताको विश्वास मजबुत बनाउने र बजारमा कम्पनीको विश्वसनीयता थप सुदृढ गर्ने बताइएको छ।

सम्झौतापछि बन्दीपुर क्षेत्रमा अन्तर्राष्ट्रिय पर्यटकको आगमन बढ्ने, स्थानीय रोजगारीका अवसर सिर्जना हुने र सेवा गुणस्तर तथा पर्यटन पूर्वाधारमा सुधार आउने अनुमान गरिएको छ। बन्दीपुरस्थित होटेल छिट्टै लेमन ट्री होटल्सको ब्रान्ड नाम र मानकअनुसार औपचारिक रूपमा सञ्चालनमा आउने कम्पनीले जनाएको छ।




## संघीय...

समुदाय अब अरूका पछाडि होइन, आफ्नै नेतृत्वमा देश हाँक्ने समय आएको छ," अन्सारीले भने, "संघीय गणतान्त्रिक गठबन्धनको साझा चुनाव चिन्ह बसमा मतदान गरेर आफ्नै प्रधानमन्त्री, आफ्नै मुख्यमन्त्री र राज्यका सबै निकायमा उत्पीडित समुदायको निर्णायक उपस्थिति सुनिश्चित गरौँ।"

कार्यक्रममा विशिष्ट अतिथि बहुजन एकता पार्टीका केन्द्रीय अध्यक्ष हरिनन्दन अम्बेडकरले परम्परागत दलहरूको आलोचना गर्दै भने, "एमाले, कांग्रेस र माओवादीले हामीलाई दलित बनाएको हो, भगवानले सबैलाई एउटै नासको बनाएर जन्माउनुभएको हो। त्यसैले आफ्नो अधिकारका लागि आफैँ लड्नुपर्छ र आफ्नो अधिकार सुरक्षित गर्न संसदमा आफ्नो प्रतिनिधित्व अनिवार्य छ।" उनले संघीय गणतान्त्रिक गठबन्धनको साझा चुनाव चिन्ह बसछापमा निलो मत हाल्न सबै उत्पीडित समुदायलाई आग्रह गरे ।

त्यसैगरी नेपाल जनजागृति पार्टीका केन्द्रीय अध्यक्ष डा. ध्रुवलाल निषादले संघीय गणतान्त्रिक गठबन्धनले सदियौँदेखि राज्यले उपेक्षा गर्दै आएको निषाद समुदायसहित सम्पूर्ण उत्पीडित समुदायको वास्तविक प्रतिनिधित्व गर्ने दाबी गरे । उनले भने, "संघीय गणतान्त्रिक गठबन्धनले कसैले नामसमेत नलिने निषाद समुदायलाई संसदसम्म पुऱ्याउने आधार तयार गरेको छ। यहाँ उपस्थित निषाद समुदायका जनप्रतिनिधिहरूले मतदान गर्ने प्रतिबद्धता जनाउनुभएको छ भन्ने आशा र अपेक्षा गर्दछु।"

कार्यक्रममा सहभागी अन्य वक्ताहरूले पनि संघीय गणतन्त्रलाई व्यवहारमा उतार्न, समावेशी शासन व्यवस्था स्थापना गर्न तथा उत्पीडित समुदायको अधिकार सुनिश्चित गर्न गठबन्धनको भूमिका निर्णायक हुने धारणा व्यक्त गरेका थिए ।

स्थानीय जनताको सहभागितासहित सम्पन्न कार्यक्रमले संघीय गणतान्त्रिक गठबन्धनको अभियानले देशव्यापी रूपमा नयाँ राजनीतिक तरङ्ग सिर्जना गरिरहेको स्पष्ट सन्देश दिएको छ ।

## सुशिला...

भएको टिप्पणी गरे । उनले वर्तमान सरकारले जेन-जी आन्दोलनको मूल मर्म र भावनामाथि पटक पटक प्रहार गरेकोमा पछिल्लो पटक सम्झौताको नाटक देखाएर अर्को धोका दिएको आरोप लगाए । उनले जेनजीहरुले भ्रष्टाचारको अन्त्य र सुशासन स्थापना होस भन्ने चाहेको भएपनि सरकारले त्यसअनुसार हस्तक्षेपकारी भूमिका खेल्न नसकेको आक्रोश पोखे ।

उनले सरकारमा बसेर हाली मुहाली गर्ने अनि आफ्नो दुनो सोझ्याउने काममा तल्लिन कुलमान घिसिङलाई तुरुन्तै बर्खास्त गर्नसमेत माग गरे । निर्दलीय सरकारमा बसेर दल खोल्ने अनि दलको प्रचारको लागि सरकारी साधन-स्रोतको चरम दुरूपयोग गरेर मन्त्री कुलमानले नेपाली जनतालाई झुक्याउने काम गरेको भन्दै प्रधानमन्त्रीले तत्काल उनलाई बर्खास्त गर्नुपर्ने पनि साहले सुझाव दिए ।

आम सुकुम्बासी तथा अव्यवस्थित बसोबासी संघका अध्यक्ष कालबहादुर विकको अध्यक्षमा भएको सो भेलामा आजपा सहअध्यक्ष एवं संविधान सभाका सदस्य तिलक थापामगर, वरिष्ठ पत्रकार ऋषी धमला, संविधान सभाका अर्का सदस्य योगेन्द्र घिसिङ, सचिवालय सदस्य बालकृष्ण सापकोटा, कबाडव्यवसायीका नेता रामकेवल गुप्ता, सुकुम्बासी संघका महासचिव एमडी सतार लगायतको विशेष सहभागिता रहेको सचिवालय सदस्य सुभाष साहले जनाएका छन् ।

## पुरानो...

उम्मेदवारको खोजी तथा चलखेल पूर्ववत् छ । दलका नेताको मात्र होइन, प्रधानमन्त्री, राष्ट्रपतिसमेतले लुकेर ज्यान जोगाउनु पर्ने अवस्था सिर्जना गर्न सफल जनआन्दोलन २०८२ को प्रभाव दलाल नेता र तिनका भरौटेहरूमा पर्न नसकेको देख्दा आश्चर्य लाग्छ । मुलुकको रक्षाजस्तो संवेदनशील विषय आइलागेको वर्तमान अवस्थामा समेत नेताहरूको धन्दा रोकिएको छैन ।

राजनीतिलाई कमाइ खाने भाँडो बनाउने धन्दा नियन्त्रण गर्न सार्वजनिक जीवनमा पारदर्शी व्यवहार अपरिहार्य सर्त हो । त्यसका लागि 'नागरिक पारदर्शिता परिचय-पत्र' लागू गर्नुपर्छ । परिचय-पत्र वितरण गर्नुपूर्व दैनिक उपभोग्य वस्तुबाहेक बेचबिखन हुने खालका सबै सम्पत्ति रोक्का गर्नुपर्छ । परिचय-पत्र बनाउँदै जानेहरूको हकमा रोक्का फुकुवा हुने व्यवस्था गर्नुपर्छ । 'नागरिक पारदर्शिता परिचय-पत्र' भएका उम्मेदवार, कर्मचारी र सुरक्षाकर्मीबाट निर्वाचनको वातावरण धेरै हदसम्म निस्पक्ष र भयरहित हुने निश्चित छ ।

जुनसुकै वर्ग, तह-तप्कामा रहेका भ्रष्ट, कालोधन कुबेरहरूको सम्पत्तिको स्रोत र कामको तिनपुस्ते खोजिनु पर्छ । भ्रष्ट, दलालहरूको अभिलेख सार्वजनिक र देश लुटी कमाएको सम्पत्ति जफत गरिनुपर्छ । भ्रष्ट राजनीतिकर्मीको तीन-पुस्ता राजनीतिमा आउन नपाउने गरी प्रतिबन्ध लगाइनु पर्छ । खानतलासी, छापामारी अभियान चलाई देशभरीको कालोधन राज्यकोषमा दाखिला गर्नुपर्छ ।

राजनीतिमा दलाल प्रवृत्ति, माफियाकरण, भ्रष्टाचारविरुद्ध वर्तमान संविधान जारी हुनुपूर्व नै विद्रोह घोषणा भएको थियो । त्यो बेला केही इमानदार साथीहरू दलाल नाइकेहरूको भुलभुलैयामा परे पनि उनीहरूले विदुर नीति अख्तियार गरेका थिए । उनीहरूबाट आवश्यक समयमा क्रान्तिका पक्षमा सहयोग हुँदै आएको थियो । अब भने आर्थिक क्रान्तिलाई लक्ष्यमा पुऱ्याउने बेला आएको छ । इमानदार साथीहरू खुलेरै देखापर्ने अपेक्षा छ । विद्रोहको शुभारम्भदेखि आफ्नो ठाउँबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने इमानदारहरूको सार्वजनिक सक्रियताले दलाल नाइकेहरूको मुटुमा ढ्याङ्ग्रो ठोकिने मात्र छैन, शेष जरैदेखि उखालेर फ्याँक्न ठुलो मद्दत पुग्नेछ । परिस्थितिको मागविपरीत दलालहरू पनि अस्तित्वको खोजीमा छन् । उनीहरू कथित 'जनजागरण कार्यक्रम'को फन्डासहित पुनः परिदृश्यमा देखापर्दै छन् । कोही पृथकतावादी कुरा गर्दै छन् भने कोही निर्वाचनमा उम्मेदवार मिलिभगतको चक्रब्युह रचना गर्दै छन् । दलाल नाइके र तिनका भरौटेहरूले गर्ने जनजागरण वा आन्दोलन, साझा उम्मेदवारको कुरा विदेशी शक्तिसँग पैसा ठग्ने मेलोमात्र भएको जनताले बुझेका छन् । सचेत मधेसी समुदायलाई अब बेबकुफ बनाउन सम्भव छैन ।

आगामी निर्वाचनमा हुने भनिएको एजेन्डाविहीन दलाल, मुलुक लुटेराहरूको कार्यगत एकता शिशुपालको प्रलापभन्दा बढी हुनेछैन । सौ चुहा खाके बिल्ली हजको चली । बाघको खोल ओढेका स्यालहरू जनताले चिनिसके । इमानदारहरूको सङ्घर्ष खेर जाने छैन । मुद्दा छोडेर हिँड्ने दलाल, माफिया, भ्रष्टहरूका साथमा मधेस आन्दोलनको वैधता (लिगेसी) हुँदैन । मधेसी समुदायले सत्यका पक्षमा अभिमत जाहेर गर्नेछन् । मुलुकको भविष्यप्रति चिन्तित सचेत युवाहरू भ्रष्टहरूलाई गाउँ-गाउँबाट लखेट्न तयार छन् । सजग नेपालीको त्रिनेत्र खुल्ने समय आउँदै छ । महाप्रलय हुने समय निकट छ ।

# भारत–नेपाल गोलमेच छलफल सम्पन्न

जनकपुरधाम । भारत र नेपालबीच नयाँ प्रविधि तथा स्टार्टअप क्षेत्रमा सहकार्यलाई थप सुदृढ बनाउने उद्देश्यले आयोजित भारत-नेपाल सहकार्य विषयक गोलमेच छलफल जनकपुरधाममा सफलतापूर्वक सम्पन्न भएको छ ।

भारतको वीरगञ्जस्थित महावाणिज्य दुतावास र नेपाल यंग इन्टरप्रेनर्स फोरम (एनवाईईएफ) का वीरगञ्ज तथा जनकपुरधाम अध्यायहरूको सहकार्यमा पीएचडीसीसीआई भारत नेपाल सेन्टरद्वारा आयोजित यस कार्यक्रममा स्टार्टअप संस्थापकहरू, युवा उद्यमीहरू तथा एमएसएमई (साना तथा मझौला उद्यम) प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा ४० भन्दा बढी प्रतिनिधिहरू उपस्थित थिए ।




कार्यक्रमलाई सम्बोधन गर्दै विरगञ्जस्थित भारतीय महावाणिज्य दुतावासका महावाणिज्य दुत देवीसहाय मिणाले भारत-नेपालबीच नयाँ प्रविधि र स्टार्टअप क्षेत्रमा सहकार्य विस्तार गर्न यस्ता संवाद कार्यक्रमहरू अत्यन्त महत्वपूर्ण हुने बताए ।

उनले आर्टिफिसियल इन्टेलिजेन्स (एआई), सूचना प्रविधि तथा आईटी सक्षम सेवामा भारतको अनुभव र क्षमता नेपाली उद्यमीहरूका लागि अत्यधिक लाभदायक हुने उल्लेख गरे । यस कार्यक्रमले दुवै देशका उद्यमीहरूबीच ज्ञान आदानप्रदान, साझेदारी र लगानीका नयाँ ढोका खोल्ने अपेक्षा गरिएको छ ।

भारत-नेपालबीचको आर्थिक तथा प्राविधिक सहकार्यलाई मजबुत बनाउँदै मधेस प्रदेशलाई स्टार्टअप हबको रूपमा विकास गर्न यस्ता पहलहरूले महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

# सिन्धुपाल्चोकमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको शिलान्यास




काठमाडौं । सिन्धुपाल्चोक जिल्लाको ईन्द्रावती गाउँपालिकाको वडा नम्बर ३ र वडा नम्बर ६ मा दुई स्वास्थ्य चौकी भवनको निर्माणका लागि शिलान्यास गरिएको छ ।

ईन्द्रावती गाउँपालिकाका अध्यक्ष झम्क नाथ नेपाल र काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव नारायण सिंहले संयुक्त रुपमा शिलान्यास गरेका हुन् ।

ईन्द्रावती गाउँपालिकाको वडा नम्बर ३ र वडा नम्बर ६ मा रहेका स्वास्थ्य चौकी भवनहरु भारत सरकारको करिब नेरु.४ करोडको कुल आर्थिक सहयोगमा निर्माण गरिदैछन् ।

यी स्वास्थ्य चौकीहरुमा उपयुक्त सुविधाहरु सहितको दुई तल्ले भवनहरु हुनेछन् । यी परियोजनाहरुलाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको छ र सिन्धुपाल्चोकको ईन्द्रावती गाउँपालिका मार्फत कार्यान्वयन गरिनेछ ।

ईन्द्रावती गाउँपालिकाका अध्यक्ष तथा अन्य सरोकारवालाहरुले भारत सरकारले प्रदान गरिरहेको विकास सहयोगको प्रशंसा गरे । उनीहरुले निर्माण हुने नयाँ स्वास्थ्य पूर्वाधारले यस क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच बढाउन मद्दत गर्ने विश्वास व्यक्त गरे ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरुको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार अभिवृद्धि गर्नुका साथै विकास र प्रगतिका लागि नेपाल सरकारले चालेको प्रयासलाई बढावा दिन भारत सरकारले गरेको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

# भारतमा हुने अन्तर्राष्ट्रिय भोजपुरी संगममा डा. दत्त प्रमुख अतिथि

काठमाडौं । मधेशी आयोगका प्रथम अध्यक्ष डा.विजय कुमार दत्त भारतको उत्तर प्रदेश राज्यस्थित आजमगढ शहरमा आयोजना हुन गइरहेको प्रतिष्ठित "अन्तर्राष्ट्रिय भोजपुरी संगम महोत्सव-२०२५ तथा गौरवशाली पूर्वाञ्चल" कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी हुने भएका छन्। उक्त अन्तर्राष्ट्रियस्तरको कार्यक्रम डिसेम्बर २१ देखि २३, २०२५ सम्म सञ्चालन हुनेछ।



यो महोत्सव केवल सांस्कृतिक कार्यक्रम मात्र नभई भोजपुरी भाषा, साहित्य, कला र लोकसंस्कृतिको अन्तर्राष्ट्रिय पहिचान, संरक्षण र प्रवर्द्धनका लागि एक महत्वपूर्ण साझा मञ्चको रूपमा स्थापित हुँदै आएको छ। भाषिक विविधता, लोकपरम्परा, साहित्यिक विमर्श र सांस्कृतिक आदान-प्रदानमार्फत विश्वका विभिन्न देशका समुदायलाई एक सूत्रमा बाँध्ने यस सम्मेलनलाई विश्वस्तरकै एक प्रतिष्ठित बौद्धिक तथा सांस्कृतिक सम्मेलनका रूपमा हेरिन्छ। कार्यक्रममा भारतसहित एक दर्जनभन्दा बढी देशबाट शीर्ष राजनीतिक नेतृत्व, ख्यातिप्राप्त साहित्यकार, वरिष्ठ प्रशासक, शिक्षाविद्, अनुसन्धानकर्ता तथा संस्कृतिकर्मीहरूको सहभागिता रहनेछ। यसले दक्षिण एसियाली भाषिक-सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

डा. दत्तले यस अवसरमा भाषाको महत्वमाथि जोड दिँदै भनेका छन्, "भाषा केवल संवादको माध्यम मात्र होइन, यो हाम्रो पहिचान, इतिहास र सभ्यताको आधार हो। हरेक भाषाको सम्मान र प्रवर्द्धन हुनु भनेकै मानव सभ्यताको संरक्षण हो। भाषा र संस्कृतिले हामी सबैलाई आपसमा जोड्छ।"

उनका अनुसार, यस्ता अन्तर्राष्ट्रिय सम्मेलनहरूले नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्ध, जनस्तरीय कूटनीति र आपसी समझदारीलाई अझ मजबुत बनाउने महत्वपूर्ण भूमिका खेल्दछन्।

डा. दत्त उक्त कार्यक्रममा सहभागी हुन डिसेम्बर २०, २०२५ मा नेपालबाट प्रस्थान गर्ने कार्यक्रम रहेको छ।

# विश्वव्यापी परम्परागत चिकित्सा शिखर सम्मेलन हुँदै

भारतले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को सहकार्यमा दोस्रो विश्वव्यापी परम्परागत चिकित्सा शिखर सम्मेलन आयोजना गर्ने भएको छ । सम्मेलन सन् २०२५ डिसेम्बर १७ देखि १९ तारिखसम्म नयाँ दिल्लीमा हुनेछ ।

डब्लुएचओको विश्वव्यापी परम्परागत औषधि रणनीति २०२५-२०३४ बाट निर्देशित यस सम्मेलनमा परम्परागत चिकित्सा प्रणालीहरूले जनमुखी स्वास्थ्य सेवा र पृथ्वी तथा वातावरणीय सन्तुलनमा कसरी अर्थपूर्ण योगदान दिन सक्छन् भन्ने विषयमा गहन छलफल हुने अपेक्षा गरिएको छ ।

सम्मेलनमा आयुर्वेद, योग, सिद्ध, युनानी, परम्परागत चिनियाँ चिकित्सा लगायत विश्वका विभिन्न परम्परागत उपचार पद्धतिहरूको वैज्ञानिक आधार, आधुनिक स्वास्थ्य प्रणालीसँगको एकीकरण, नीति निर्माण, अनुसन्धान तथा दिगो अभ्यासका विषयहरू केन्द्रमा रहनेछन् ।


यसै सन्दर्भमा भारत र नेपालबीच आयुर्वेद क्षेत्रको सहकार्य पनि थप सुदृढ हुँदै गएको छ । दुवै देशले ज्ञान, विशेषज्ञता र क्षमता विकास आदान-प्रदानमार्फत आयुर्वेदको प्रवर्द्धनमा विभिन्न पहलहरू गर्दै आएका छन् । आयुर्वेद शिक्षा, अनुसन्धान, औषधि उत्पादन तथा मानव संसाधन विकासमा भारत-नेपाल सहकार्यले क्षेत्रीय स्तरमै परम्परागत चिकित्सा प्रणालीलाई संस्थागत गर्न सहयोग पुर्‍याउँदै आएको छ ।

विशेषज्ञहरूका अनुसार, भारतमा आयोजना हुने यस शिखर सम्मेलनले दक्षिण एशियाली देशहरूबीच परम्परागत चिकित्सा क्षेत्रमा सहकार्य विस्तार गर्ने अवसर प्रदान गर्नुका साथै नेपालजस्ता आयुर्वेद परम्परामा गहिरो जरा भएका देशहरूको अनुभवलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने महत्वपूर्ण अवसर बन्नेछ ।


## मतदानमा सहभागी बनौं

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो ।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं ।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं ।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं ।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरुपमा लिएर जाऔं ।
- दबाब र प्रभावमा परी मतदान नगरौं ।
- व्यक्तिगत विवेकको आधारमा मतदान गरौं ।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं ।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं